**मिति २०७६ कार्तिक २४ गते बसेको ५० औँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. वडा नं. १ मा विद्युत वितरण केन्द्र स्थापना सम्बन्धमा ।
२. हाटबजारलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
३. राष्ट्रिय परीक्षा बोर्डको कार्यालय स्थापना गराउने सम्बन्धमा ।
४. ऐलानी जग्गा सर्भे नापी सम्बन्धमा ।
५. आयोजनाको आवश्यकता, जग्गा उपलब्ध, लागत साझेदारी, निर्माण पश्चात दिगो सञ्चालन र भवन निर्माण गर्दा Septic Tank व्यवस्थापनको नीति निर्माण सम्बन्धमा ।
६. योजना छनौट सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं. १ :** वडा नं. १ स्थित सार्वजनिक स्थलमा विद्युत वितरण केन्द्र स्थापना गर्नका लागि बनेको ऐन, २०४९ अनुसारको आवश्यक व्यवस्था तथा नेपाल सरकारबाट अनुमती सम्बन्धी व्यवस्था विद्युत विभागबाटले नै गर्ने गरी क्षेत्रिय विद्युत प्राधिकरण, अत्तरीयालाई वडा नं. १ स्थित शसस्त्र प्रहरी वेस क्याम्पको उत्तरतर्फको उपर्युक्त स्थानमा विद्युत वितरण केन्द्र स्थापना गर्ने यस न.पा.को असहमती नरहने व्यहोरा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ :** अत्तरीयामा रहेको हाटबजारको स्तरोन्नती भैरहेको कारण स्थान अभाव भएकोले हाल हाट बजार रहेको स्थानबाट पश्चिमतर्फको केही जग्गा हाटबजारलाई उपलब्ध गराई उक्त स्थानमा संघीय सरकारबाट प्रस्ताव हुने आयोजना कार्यान्वयन गर्न कुनै असहमती नरहने व्यहोरा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :** वार्ड नं. २ को तेघरीमा रहेको सृजनशिल सामुदायीक विकास केन्द्र रहेको भवनमा राष्ट्रिय परिक्षा बोर्ड को कार्यालय स्थापनार्थ आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** गो.न.पा. वडा नं. १ को ऐलानी, प्रति आवादी जग्गाको लगत राख्ने नाप नक्सा भैसकेको र बाँकी वडाको समेत नापनक्सा गरी सबै वडाका जग्गा दर्ता गर्न प्रक्रिया अगाडी बढाउन कार्यविधि बनाई मन्त्रालयबाट स्विकृत गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** यस गोदावरी नगरपालिकाले मानव मलमुत्री फोहोर व्यवस्थापनका लागि आवश्यक जमिन नगरपालिकाले निशुल्क उपलब्ध गराउनका लागि वडा नं. ३ मा रहेको फोहोरमैला संकलन केन्द्र वरपर उपलब्ध गराउनुका साथै मानव मलमुत्रीय फोहोर व्यवस्थापन लागयत अन्य सबै फोहोरपानी व्यवस्थापन सम्बन्धी प्रविधिहरुको लागि कूल लागतको १५ प्रतिशत लागत नगरपालिकाले व्यहोने तथा आयोजना निर्माण सम्पन्न भए पछि सो सञ्चालित नहुदा सम्म गोदावरी नगरपालिकाले पूर्ण जिम्मेवारी लिने र यस नगरपालिका भित्र अवका दिनमा नयाँ बन्ने घरहरु निर्माणको अनुमति दिदा

Septic Tank बनाउनका लागि मानव मलमुत्रीय फोहोर व्यवस्थापन आयोजना मैत्री बनाउने नीति निर्माण गरी सक्रियताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस गोदावरी नगरपालिका अर्न्तगत विभिन्न वडाहरुमा सडकको स्तरोन्नती (कालोपत्रे) गर्न देहायका योजना छनौट गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय :**

| क्र. सं. | वडा नं. | योजनाको नाम | लागत अनुमान ( कर बाहेक) रु. | जम्मा लागत अनुमान रु.( १३% भ्याट र ३% कन्टेन्जेन्सी समेत) |
|---|---|---|---|---|
| १ | १ | दुरसंचार जाने बाटो नाली सहित कालोपत्रे | ११६३६३७३.६३ | १३४९८१९३.४१ |
| २ | १ | गुह्येश्वरी टोल जाने बाटो कालोपत्रे | | |
| ३ | २ | पदम कडायतको मिलदेखि रिङ्गरोड जाने बाटो कालोपत्रे | ८३१२८००.०१ | ९६४२८४८.०१ |
| ४ | २ | कृष्ण नि.मा.वि. जाने बाटो कालोपत्रे | | |
| ५ | २ | शक्ति कटेज जाने बाटो कालोपत्रे ( सांसद विकास कोष) | ४३०७२८२.६४ | ४९९६४४७.८६ |
| ६ | ३ | मुक्ति शिविर जाने बाटो कालोपत्रे | ८३८६२९९.४७ | ९७२८१०७.३८ |
| ७ | ४ | शान्ति टोल जाने बाटो कालोपत्रे | ७७०२५३२.३८ | ८९३४९३७.५६ |
| ८ | ५ | आरपी फ्लोर मिलदेखि ध.न.उ.पा. को सिमानासम्म बाटो कालोपत्रे | ११७७१६००.७२ | १३६५५०५६.८३ |
| ९ | ५ | गेटी दानबहादुर खड्काको पसलदेखि राजु साउदको घर जाने बाटो कालोपत्रे | | |
| १० | ६ | रामजानकी मन्दिर जाने बाटो कालोपत्रे | ७५६७४१४.४९ | ८७७८२००.८० |
| ११ | ६ | कोलीकटान देखि गौडी जोड्ने बाटो कालोपत्रे (सांसद विकास कोष रु५०,००,०००।- बाँकी न.पा.) | ८३६९६६०.६४ | ९७०८८०६.३४ |
| १२ | ७ | श्रीपुर कसरदेखि उत्तर जाने बाटो कालोपत्रे | ७६८०१६७.४२ | ८९०८९९४.२ |
| १३ | ८ | एकता समाज रोड कालोपत्रे | ८०३५८१०.६८ | ९३२१५४०.३९ |
| १४ | ९ | सेहरी रोड कालोपत्रे | १३३६१०४८.३९ | १५४९८८१६.१३ |
| १५ | १० | वडा नं. १० को सिमानादेखि १२ को सिमानासम्म जोड्ने बाटो कालोपत्रे | १०९४९९१२.१० | १२७०१८९८.०३ |
| १६ | ११ | बाङ्गेशाला देखि गजरौला जाने बाटो कालोपत्रे | ९३३८३१८.०० | १०८३२४४८.८८ |
| १७ | १२ | जनप्रभात स्कुलदेखि कालिका टोल जाने बाटो कालोपत्रे | ९८२१२४१.९५ | ११३९२६४०.६६ |
| **जम्मा** | | | **१२७२४०४६२.५२** | **१४७५९८९३६.४८** |